**Roll No.** | | | | | | | | |

(Write Roll Number from left side exactly as in the Admit Card)

*Signature of Invigilator*

**Question Booklet Series** **X**

**PAPER–II** **Question Booklet No.**

(Identical with OMR Answer Sheet Number)

**Subject Code : 30**

# NEPALI

*Time : 2 Hours* *Maximum Marks: 200*

***Instructions for the Candidates***

1. Write your Roll Number in the space provided on the top of this page as well as on the OMR Sheet provided.
2. At the commencement of the examination, the question booklet will be given to you. In the first 5 (five) minutes, you are requested to open the booklet and verify it:
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page.
   (ii) Faulty booklet, if detected, should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.
   (iii) Verify whether the Question Booklet No. is identical with OMR Answer Sheet No.; if not, the full set is to be replaced.
   (iv) After this verification is over, the Question Booklet Series and Question Booklet Number should be entered on the OMR Sheet.
3. This paper consists of One Hundred (100) multiple-choice type questions. All the questions are compulsory. Each question carries *two* marks.
4. Each Question has four alternative responses marked: (A) (B) (C) (D) . You have to darken the circle as indicated below on the correct response against each question.
   *Example:* (A) (B) ● (D) , where (C) is the correct response.
5. Your responses to the questions are to be indicated correctly in the OMR Sheet. If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Rough work is to be done at the end of this booklet.
7. If you write your Name, Phone Number or put any mark on any part of the OMR Sheet, except in the space allotted for the relevant entries, which may disclose your identity or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
8. Do not tamper or fold the OMR Sheet in any way. If you do so, your OMR Sheet will not be evaluated.
9. You have to return the Original OMR Sheet to the invigilator at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry question booklet and duplicate copy of OMR Sheet after completion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator, mobile phone, electronic devices/gadgets etc. is strictly prohibited.**
12. **There is no negative marks for incorrect answer.**

***परीक्षार्थीहरूलाई अनुदेश***

1. यस पृष्ठको सिरानमा दिइएको ठाउँमा र यसैसँग दिइएको ओएमआर पन्नामा आफ्नो रोल नम्बर लेख्नुहोस्।
2. परीक्षाको आरम्भमा तपाईँलाई प्रश्न पुस्तिका दिइनेछ। सुरुका पाँच मिनटभित्र प्रश्न पुस्तिका खोलेर यसको जाँच गर्नुहुन अनुरोध गरिन्छ :
   (क) प्रश्न पुस्तिका खोल्न आवरण पृष्ठको किनारामा भएको कागतको सिल च्यात्नुहोस्।
   (ख) पुस्तिकामा कुनै दोष देखिएमा निरीक्षकलाई तुरुन्तै भनेर पाँच मिनटको अवधिभित्रैमा त्यसको साटो दोषरहित अर्को पुस्तिका लिनुपर्दछ। त्यो अवधि बितेपछि न ता अर्को पुस्तिका साट्न पाइन्छ न अतिरिक्त समय नै दिइने छ।
   (ग) प्रश्न पुस्तिका सङ्ख्या र ओएमआर पुस्तिका सङ्ख्या एकै छन् कि छैनन् राम्ररी जाँचेर हेर्नुहोस्। एकै छैनन् भने दुवैको साटो अर्को सेट लिनुपर्दछ।
   (घ) यति जाँच गरिसकेपछि प्रश्न पुस्तिका शृङ्खला सङ्ख्या र प्रश्न पुस्तिका सङ्ख्या ओएमआर पन्नामा लेख्नु पर्दछ।
3. यस प्रश्नपत्रमा एक सयवटा (100) बहुविकल्पी ढाँचाका प्रश्न छन्। सबै प्रश्न अनिवार्य छन्। प्रत्येक प्रश्न दुई अङ्कको छ।
4. प्रत्येक प्रश्नका चारवटा वैकल्पिक उत्तर (A) (B) (C) (D) चिह्नित छन्। परीक्षार्थीले सही उत्तरमा तल देखाइएको ढङ्गमा कालो गोलो थोप्लो पोत्नु पर्ने छ। दृष्टान्त : (A) (B) ● (D) जसमा (C) चाहिँ सही उत्तर हो।
5. प्रत्येक प्रश्नको सटीक उत्तर ओएमआर पन्नामा ठिकसित चिह्नित गर्नु पर्दछ। आफ्नो उत्तर ओएमआर पन्नामा दिइएका वृत्तमाबाहेक अन्यत्र कतै चिह्नित गरिएमा त्यसको मूल्याङ्कन गरिने छैन।
6. कोरकारे काम पुस्तिकाको अन्त्यमा रहेको खाली ठाउँमा गर्नुपर्ने छ।
7. ओएमआर पन्नामा सन्दर्भित प्रविष्टिका निम्ति दिइएको ठाउँमा बाहेक अन्यत्र कहीँ पनि आफ्नो नाम, फोन नम्बर लेखिएको अथवा कहीँ कतै पनि आफ्नो परिचय दिने कुनै किसिमको चिह्न छोडिएको पाइएमा, अथवा कुनै अपशब्द प्रयोग गरिएको वा कोतरेर वा सेतो रङ्ग पोतेर उत्तर बदलिने प्रयास गर्ने जस्ता कुनै पनि अनुचित तरिका अपनाएको पाइएमा परीक्षार्थीले आफैलाई परीक्षाका निम्ति अयोग्य प्रमाणित गरेको ठहरिने छ।
8. ओएमआर पन्नालाई पट्याउन वा अरू कुनै प्रकारले क्षति पुऱ्याउन निषेध छ। त्यसो गरिएको ओएमआर पन्नाको मूल्याङ्कन गरिने छैन।
9. परीक्षा समाप्त हुने बित्तिकै परीक्षार्थीले आफूसित भएको ओएमआर पन्ना अनिवार्य रूपमा निरीक्षकलाई फिर्ता दिनु पर्दछ, कसैले पनि यसलाई परीक्षा हलदेखि बाहिर लैजान मनाही छ। परीक्षा समाप्त भए पछि प्रश्न पत्र तथा OMR पाताको प्रतिलिपि भने परीक्षार्थीले आफूसित्तै लैजान पाउने छन्।
10. **कालो लेख्ने डटपेन मात्र प्रयोग गर्न पाइने छ।**
11. **कुनै किसिमको गणन यन्त्र, मोबाइल फोन, इलेक्ट्रोनिक उपकरण आदि व्यवहार गर्न पूर्णत: निषेध छ।**
12. **भुल उत्तरका निम्ति प्रतिकूल अङ्कन गरिने छैन।**

**PAPER II**

**(NEPALI)**

**1.** तलका मध्ये मोतीराम भट्टका खण्डकाव्य कुन कुन हुन्?

(क) उषा चरित्र

(ख) पीकदूत

(ग) शकुन्तला

(घ) गजेन्द्रमोक्ष

(A) (क), (ख), (ग)

(B) (क), (ख), (घ)

(C) (ख), (ग), (घ)

(D) (क), (ग), (घ)

**2.** दयाराम श्रेष्ठले यसलाई पहिलो कथा मानेका छन्, अनि यस कृतिले प्रतीकात्मक रूपले 'सुन्दरी' लाई कुलटा र 'माधवी' लाई आदर्श चरित्रका दुई नारीका रूपमा प्रस्तुत गरेको भन्ने पनि मानिन्छ —यो कुन कृति हो?

(A) विज्ञानविलासको 'महारानी प्रियम्बदा'

(B) खिनासाको 'प्रेषित पत्र'

(C) सदाशिव शर्माको 'नरेन्द्रमोहिनी'

(D) शम्भुप्रसाद ढुङ्गेलको 'प्रेमकान्ता'

**3.** तलका मध्ये चलचित्रमा प्रकाशको मूल्याङ्कनका कुन कुन आधार सही हुन्?

(i) प्रकाशको मात्रा

(ii) प्रकाशको प्रभाव

(iii) प्रकाशको रङ्ग

(iv) प्रकाशको स्रोत

(A) (i), (iv), (ii)

(B) (ii), (iii), (i)

(C) (iv), (iii), (ii)

(D) (i), (iii), (iv)

**4.** यदुनाथ खनालले समालोचना गर्दा सिद्धान्तहरूको खाँचो देखे भने यी सिद्धान्त र परम्पराहरूको आड नलिई नेपाली परिवेश र इतिहासको परिप्रेक्ष्यमा समालोचना गर्ने आग्रह राख्ने समालोचक को हुन्?

(A) हृदयचन्द्रसिंह प्रधान

(B) रत्नध्वज जोशी

(C) रामकृष्ण शर्मा

(D) माधवलाल कर्माचार्य

**5.** भारतीय साहित्य अकादमीबाट प्राप्त भ्रमण भत्ताको सदुपयोग गरी भ्रमण गरेर लेखिएको पुस्तक तलका मध्ये कुन हो?

(A) जयनारायण लुँइटेलको 'छाँगादेखि गुफासम्म'

(B) कुमार घिसिङको 'दूनघाटी नालापानी'

(C) मोहन ठकुरीको 'अविस्मृत क्षणहरू'

(D) सलोन कार्थकको 'गोलार्द्ध घुमाइका रङ्गहरू'

**6.** तलका मध्ये कुन समूहमा सबै नै महाप्राण ध्वनि हुन्?

(A) ज, ङ, थ

(B) ख, थ, फ

(C) थ, य, ल

(D) व, ख, फ

**7.** तलका विकल्पहरूमा कुनमा चाहिँ सबै नै कृदन्त परसर्ग हुन्?

(A) नु, न, एर

(B) यो, ने, एछ

(C) ई, यो, दै

(D) एको, एछ, एर

**8.** आई ए रिचर्ड्सको अन्तर्निवेशमूलक कविता र वहिष्करणमूलक कविताको अवधारणाको दृष्टिले तलका कथन मध्ये कुन चाहिँ सही ठहरिन्छ?

(A) 'त्रासदी' र रसकाव्य दुवै अन्तर्निवेशी कविताका दृष्टान्त हुन्।

(B) 'त्रासदी' र रसकाव्य दुवै वहिष्करणवादी कविताका आदर्श नमुना हुन्।

(C) 'त्रासदी' अन्तर्निवेशमूलक हुन्छ भने रसकाव्य वहिष्करणमूलक हुन्छ।

(D) रसकाव्य अन्तर्निवेशी हुन्छ भने त्रासदी वहिष्करणमूलक हुन्छ।

**9.** लोकनाटकको गुरु परम्पराका सन्दर्भमा निम्नलिखित कुन भनाइ सही हो?

(A) यो नाटकको कथासँग सम्बन्धित विषय हो।

(B) यो नाटकको प्रदर्शनसँग सम्बन्धित विषय हो।

(C) यो नट नटीका जीवनसित सम्बन्धित विषय हो।

(D) यो कक्षामा पढ्ने पढाउने परम्परासित सम्बन्धित विषय हो।

**10.** नाइजेरियन लेखक चिनुआ अचेबेको 'थिङ्ज्स् फल अपार्ट'–लाई कुन मूल उद्देश्य राखिएको कृति मानिन्छ?

(A) अमेरिकामा अफ्रिकाली मूलका मानिसहरूमाथि हुने गरेको रङ्गभेदको विरोध गर्ने

(B) विश्वमा अफ्रिकाली मूलका मानिसहरूमाथि चलाइएको दासत्वको विरोध गर्ने

(C) अफ्रिकामा चलेको अङ्ग्रेजी उपनिवेशबारे त्यहाँका जनगणलाई शिक्षित गराउने

(D) युरोपेली उपनिवेशका कारणले हराएको अफ्रिकाली चिनारी र इतिहास चेतनालाई पुनरुद्धार गर्ने

**11.** आफ्ना मावली हजुरबा लक्ष्मीदत्त पन्तबाट प्रभावित भई उनले यो गजल सङ्ग्रह लेखे, त्यस पुस्तकमा गजल रचनाका नियमबारे केही सूचना पनि उनले लेखेका छन् — 'उनी' को हुन् र उनको त्यो पुस्तक कुन हो?

(A) कृष्णप्रसाद रेग्मीको 'कान्छी नानी'

(B) भीमनिधि तिवारीको 'बयासी र बीस गजल मेरी'

(C) घनश्याम न्यौपाने 'परिश्रमी' को 'जून चूहेको रात'

(D) ललिजन रावलको 'बिरानो यो ठाउँमा'

**12.** सानु लामाको 'सम्पत्ति' कथा कुन दृष्टिले फरक छ?

(A) इतिवृत्तात्मक स्वरूपको विघटन

(B) अकथा लेखनको प्रभाव

(C) स्वैरकल्पनात्मकताको प्रयोग

(D) संयोगमूलक घटनाहरूको समावेश

**13.** तलका मध्ये टङ्क शर्मा अभिनीत चलचित्रको सही क्रम चिह्नित गर्नुहोस् –

(i) बाँसुरी

(ii) झोडा

(iii) परालको आगो

(iv) बाँच्न चाहनेहरू

(A) (iii), (i), (iv)

(B) (i), (ii), (iii)

(C) (ii), (iv), (i)

(D) (iv), (iii), (ii)

**14.** ज्ञानदिलदास अनि उनका कृतिबारे तलका कथन पढ्नुहोस् अनि विकल्पबाट सही उत्तर छान्नु होस् —

(क) व्यक्तित्वको प्रभावका दृष्टिले भानुभक्त भन्दा ज्ञानदिलदास धेर महत्त्वपूर्ण देखिन्छन्।

(ख) ज्ञानदिलदास भारतीय नेपाली जीवनका भावनात्मक र सांस्कृतिक प्रतीक बने।

(ग) ज्ञानदिलदासको भजन सङ्ग्रहमा तामाङ सेलोको लय पाइन्छ।

(घ) ज्ञानदिलदासको मृत्यु सिक्किमको गेलिङ नामक स्थानमा भएको हो।

(ङ) ज्ञानदिलादासले नेपालमै रहँदा 'उदयलहरी' लेखिसिद्ध्याएका थिए।

(A) (ख), (ग), (ङ)

(B) (क), (ख), (ङ)

(C) (क), (ग), (घ)

(D) (ख), (घ), (ङ)

**15.** नीतिकालीन नेपाली साहित्यको एउटा विशेषता खुट्ट्याउनु परे तलका मध्ये कुन हुन सक्छ?

(A) काव्य भाषामा परिष्कार आए पनि व्याकरणिक चेतको विकास नहुनु

(B) नीति शिक्षा र सुधारवाद मूल स्वर रहे तापनि त्यही अनुपातमा शृङ्गारको परम्परा पनि रहनु

(C) साहित्यालोचनाको विकास हुनु तर काव्य सृजनामा संस्कृत शास्त्रीय छन्द र अलङ्कारहरूकै प्रयोगाधिक्य हुनु

(D) काव्यमा आधुनिक रूपको विकास हुनु तर बौद्धिक चिन्तनको प्रयोग नहुनु

**16.** 'बाटो बिग्रिएकाले कपिल लाभाबाट घुमेर आयो।' — यस वाक्यमा 'लाभाबाट' पदले कुन कारक बुझाउँछ?

(A) मार्ग कारक

(B) सम्प्रदान कारक

(C) ऊर्जावत् कारक

(D) लक्ष्य कारक

**17.** लिपिविज्ञानीहरूको मतअनुसार देवनागरी लिपिको विकास कहिलेदेखि भएको हो?

(A) इसापूर्व चौथो शताब्दी

(B) इस्वी पाँचौँ शताब्दी

(C) इस्वी दसौँ शताब्दी

(D) इस्वी पन्ध्रौँ शताब्दी

**18.** रसियाली रूपवादी चिन्तक विक्तर स्क्लोव्स्कीले साहित्यलाई असाहित्यबाट भिन्न रूपमा चिनाउने मूल तत्त्व कुन मानेका छन्?

(A) ओस्त्रानेनी

(B) विदेनी

(C) उज्नावेनी

(D) लितरातुरनोस्त

**19.** ''लोककथाहरूको उत्पत्ति मानव सभ्यतासँगै सबै ठाउँबाट भयो।'' — यो भनाइ लोककथा अध्ययनको कुन मतसित सम्बन्धित छ?

(A) प्रकृतिरूपवाद

(B) विकासवाद

(C) प्रसारवाद

(D) स्वैरकल्पनावाद

**20.** प्रसिद्ध मराठी लेखक शिवाजी सावन्तको 'मृत्युञ्जय' कुन पौराणिक पात्रको कथामा आधारित छ?

(A) युधिष्ठिर

(B) कर्ण

(C) अर्जुन

(D) अश्वत्थामा

**21.** ''जाती हुन्थ्यो बरु म कवि नभएर
त्यही रित्तो भाँडोभरि मट्टितेल हुन सकेको भए''— हरिभक्त कटुवालको कविताको यस उद्धृतांशबाट कुन कुराको व्यञ्जना हुन्छ?

(A) कविता निष्प्रयोजनीय कला हो।

(B) कविता लोकोपयोगी हुनुपर्दछ।

(C) कविता लेखन र लोकव्यवहार परस्पर विपरीत कुरा हुन्।

(D) कविता विषादग्रस्त मनको अभिव्यक्ति मात्र हो।

**22.** ''एक एक प्रश्नको एक-एक उत्तर पाएँ। ती चियाकमानमा मुन्सी रहेछन्। अघि दार्जिलिङ बस्ने। चारोटा छोराछोरी छन्। कमानको काममा जलपाइगुडी आएको। तीन चार दिन लाग्ला काम सिद्ध्याउन।'' —'बितेका कुरा' कथाबाट उद्धृत उपर्युक्त उद्धरणमा आख्यानशास्त्रीय कुन विधिको प्रयोग भएको पाइन्छ?

(A) परावलोकन विधि

(B) गतिको दृश्यात्मक विधि

(C) गतिको सङ्क्षेप विधि

(D) ऐतिहासिक क्रम विधि

**23.** चलचित्रका प्रसङ्गमा 'स्क्रिन प्ले' भन्नाले के बुझिन्छ?

(A) पर्दामा देखिने पात्र अनुसारका वेशभूषा र शृङ्गार

(B) नाट्य रचनालाई चलचित्रमा रूपायित गर्नु

(C) दर्शकहरूमाझ उपयुक्त लाग्ने सामग्री पर्दामा देखाउने गरी तयार पार्नु

(D) पर्दामा प्रदर्शन गरिने नाटकीय कार्य

**24.** ''असल काव्यले जीवनको समालोचना मात्र गर्दैन तर त्यो समालोचनालाई कलात्मक र यथोचित रूपमा प्रकाश गर्छ।'' — रामकृष्ण शर्माको यस कथनले कुन धारणाको समर्थन गरेको छ?

(A) कला जीवनका लागि

(B) कला कलाका लागि

(C) कला आत्मप्रकाशनका लागि

(D) कला परम्पराको निर्वहणका लागि

**25.** आयतनका आधारमा निबन्ध र प्रबन्धका स्वरूप चिनाउने विद्वान् को हुन्?

(A) तारानाथ शर्मा

(B) ईश्वर बराल

(C) शरत्चन्द्र भट्टराई

(D) केशवप्रसाद उपाध्याय

**26.** कुनै मौलिक वा स्थानीय वक्ता नभएको सम्पर्क भाषा कुन हो?

(A) क्रिओल

(B) पेरोल

(C) पिजिन

(D) रेजिस्टर

**27.** नेपाली क्रियापदका विषयमा तल दिइएका मध्ये कुन कथन सही हो?

(A) धातु र तिङ् प्रत्यय मिलेर समापिका क्रियापद बन्दछ।

(B) धातु र कृत् प्रत्यय मिलेर समापिका क्रियापद बनिन्छ।

(C) धातु र तिङ् प्रत्यय मिलेर सकर्मक क्रियापद बन्दछ।

(D) धातु र कृत् प्रत्यय मिलेर अकर्मक क्रियापद बन्दछ।

**28.** संरचनात्मक शैलीविज्ञानका चेक व्याख्याताहरूले गरेका चार थरी शैलीभेद कुन कुन हुन्?

(A) साहित्यिक, सैद्धान्तिक, व्यावहारिक कथ्य कथनमूलक, जनसञ्चारमूलक

(B) वर्णनात्मक, व्याख्यात्मक, तुलनात्मक, साङ्केतिक

(C) भाषातात्त्विक, आलङ्कारिक, इतिवृत्तात्मक, लयात्मक

(D) सम्वादमूलक, विवरणमूलक, आलोचनात्मक, प्रत्यायनमूलक

**29.** बालुन, नचरी र चैत कुन विषय वस्तुमा आधारित लोक नाटक र गाथा हुन्?

(A) पुराकथात्मक

(B) सामाजिक

(C) जनश्रुतिमूलक

(D) ऐतिहासिक

**30.** तलका मध्ये कुन कुन पुस्तक प्रसिद्ध जापानी उपन्यासकार हारुकी मुराकामीका हुन्?

(A) किचन, द लेक, मोसी मोसी

(B) नोर्वियन वुड, काफ्का अन द सोर, हियर द विन्ड् सिङ्

(C) द मास्टर अव् गो, स्नो कन्ट्री, द ओल्ड क्यापिटल

(D) फर्स्ट स्नो अन् फुजी, ए थाउजन्ड क्रेन्स्, डेड एन्ड मेमोरिज

**31.** तलका कवि र तिनका कविता कृतिको नाउँ चिन्हित गर्नुहोस् :

| *सूची-I* | *सूची-II* |
|---|---|
| (I) ईश्वर वल्लभ | (i) अन्तर्द्वन्द्व |
| (II) गुमानसिंह चामलिङ | (ii) माझीकी स्वास्नी |
| (III) मोहन कोइराला | (iii) सम्झना |
| (IV) हरिभक्त कटुवाल | (iv) कस्मै देवाय |

| | (I) | (II) | (III) | (IV) |
|---|---|---|---|---|
| (A) | (iv) | (i) | (ii) | (iii) |
| (B) | (i) | (iv) | (iii) | (ii) |
| (C) | (iii) | (ii) | (iv) | (i) |
| (D) | (ii) | (i) | (iii) | (iv) |

**32.** ''तपाईँकी सानी छोरी कस्ती छ? भन्नु हवस् न मेरी मन परेकी सासू।'' विश्वेस्वरप्रसाद कोइरालाको 'सिपाही' कथाबाट उद्धृत यस कथनका वक्ता र श्रोताका माझ कुन साइनो सम्बन्ध छ?

(A) ज्वाइँ र सानीआमा सासू

(B) जातगत प्रथा अनुसारको साइनो र सम्बोधन मात्र

(C) ज्वाइँका साथी र साथीकी सासू

(D) कुनै पनि साइनो सम्बन्ध छैन।

**33.** चलचित्रमा प्रस्तुत हुने काव्य–आस्वादन कुन माध्यमले पाइन्छ?

(A) श्रव्य

(B) दृश्य

(C) श्रव्य–दृश्य

(D) सङ्गीत

**34.** ''उनका विचारमा लेखन एक प्रकारले सत्य लुकाउने तरिका हो। लेख्न बाँकी कुराहरूमा सत्य रहन्छ। अभिव्यक्ति भनेको लुकाउनु हो भन्ने धारणा उनको आफ्नै अनुभूति हो।'' — समालोचक अभि सुवेदीले यहाँ उल्लेख गरेका उनी को हुन्?

(A) लक्ष्मीप्रसाद देवकोटा

(B) कृष्णचन्द्रसिंह प्रधान

(C) शङ्कर लामिछाने

(D) बालकृष्ण सम

**35.** 'एकेई की बले सभ्यता' नामक बङ्गला नाटकको नेपाली अनुवाद कुन हो?

(A) दुर्गाभक्ति तरङ्गिणी
(B) प्रबोध चन्द्रोदय
(C) विद्यासुन्दर
(D) ज्ञानभङ्ग तरङ्गिणी

**36.** एउटा वाक्यलाई त्यसको क्रियापदबाट सहायक क्रिया लोप गरी –ने, –नु, –तो/–दो, –एको, –ई, –एर, –न आदि परसर्ग लगाएर अर्को वाक्यमा आश्रित गराउने प्रक्रियालाई के भनिन्छ?

(A) समानाधीकरण
(B) वाक्यान्तरण
(C) कृदन्तीकरण
(D) वाक्य संयोजन

**37.** अर्धमागधी बोल्ने श्वेताम्बर जैनहरूले आफ्नो भाषालाई के नाउँ दिएका छन्?

(A) पालि
(B) जैनी
(C) आदि प्राकृत
(D) नव्य संस्कृत

**38.** रेने वेलेक र अस्टिन वारेनले उल्लेख गरेका साहित्यिक कृतिका सङ्केतात्मक संरचनाका सोपान र प्रतिमानहरूको लहरमा तल उल्लेख गरिएका कुन कुन चाहिँ पर्दैनन्?

(i) चरित्राङ्कन
(ii) आख्यानीकरण
(iii) प्रतीक र पुराकथा
(iv) छन्द र लयान्विति

(A) (i), (ii)
(B) (iii), (iv)
(C) (ii), (iii)
(D) (i), (iv)

**39.** लोक साहित्यका क्षेत्रकार्यको कुन चरण अन्तर्गत 'उद्देश्य निर्धारण' पर्दछ?

(A) सामग्री सङ्कलन
(B) सामग्री विभाजन
(C) पूर्व तयारी
(D) सामग्रीको व्यवस्थापन

**40.** बङ्गला भाषामा 'रामायण' रचना गर्ने कविको नाउँ के हो?

(A) कृत्तिवास ओझा
(B) कृत्तिवास सेन
(C) कृत्तिवास दत्त
(D) कृत्तिवास दास

**41.** आधुनिकतावादी कविता लेखनकी एउटा मुख्य अभिलक्षण कुन हो?

(A) अर्थहीनता
(B) असान्दर्भिकता
(C) काल चेतना
(D) भाषा–सङ्कट

**42.** शिवकुमार राईले नेपाली कथालाई कुन नौलो प्रवृत्तिगत आयामतर्फ डोऱ्याएको मान्न सकिन्छ?

(A) रोमान्टिक भाव
(B) सांस्कृतिक विषयको ग्रहण
(C) ऐतिहासिक संस्पर्श
(D) प्रकृतवादी दृष्टि

**43.** नेपाली नाट्य रङ्गमञ्चसित जोडिएका बुद्धिदेवी र चुनुदेवी को थिए?

(A) महिला नाटककार
(B) महिला निर्देशक
(C) महिला अभिनेत्री
(D) महिला सङ्गीतकार

**44.** रामकृष्ण शर्माका विचारमा कविको धन के हो?

(A) भाव
(B) शैली
(C) भाव र शैली
(D) अन्तर्वस्तु

**45.** मकैको खेतीबारे पुस्तक लेखेकाले प्रशासनबाट जेलनेलको सास्ती भोग्ने लेखक को हुन्?

(A) विष्णुलाल

(B) साम्वभक्त सुवेदी

(C) कृष्णलाल

(D) गणेश भण्डारी

**46.** कस्ता शब्दहरूको वर्गलाई शाब्दिक वर्ग भनिन्छ?

(A) कोशीय अर्थ हुने

(B) कोशीय अर्थ नहुने

(C) एक्लै पदावली निर्माण गर्न नसक्ने

(D) प्रकार्यात्मक पदावलीको मुख्य घटक रहन सक्ने

**47.** जर्ज ग्रियर्सनले भारतीय आर्यभाषाहरूको वर्गीकरण कुन कुराका आधारमा गरेका थिए?

(A) भाषाको ध्वनि, रूप र शब्द समूहगत समानता

(B) भाषा बोल्ने मानिसहरूको ऐतिहासिक एवम् समाज–सांस्कृतिक पृष्ठभूमि

(C) भाषा बोलिने भौगोलिक क्षेत्रको विस्तार र सीमा

(D) भाषाको व्याकरणिक संरचना र शब्दभण्डार

**48.** तलको कुन पुस्तक/ पत्रिकालाई मार्क्सको सिद्धान्तलाई साहित्यिक समीक्षामा प्रयोग गर्ने महत्त्वपूर्ण ग्रन्थ मानिएको छ?

(A) रिभ्यालुएसन, द स्याक्रेड उड

(B) अ स्टडी इन डाइङ कल्चर, इल्युजन एन्ड रियालिटी

(C) फिलसफी इन अ न्यू की, द मिनिङ अव् मिनिङ

(D) स्पेक्टेटर, स्क्रुटिनी

**49.** 'हातमा दही जमाएको नहुनु' — यस वाग्धाराको अर्थ हो?

(A) फुर्मासे स्वभावको हुनु

(B) चिप्लो लाउने प्रवृत्ति नहुनु

(C) प्रतिरक्षाका लागि तयार नहुनु

(D) प्रतिवादका लागि तयार हुनु

**50.** अङ्ग्रेजी उपन्यासकार चार्ल्स डिकेन्सको 'अ टेल अव् टु सिटिज' उपन्यासमा कुन कुन दुईवटा सहरमा भएका घटनाहरूको इतिवृत्त पाइन्छ?

(A) बर्लिन र मस्को

(B) न्यु योर्क र टोकियो

(C) भेनिस र जेनेभा

(D) लन्डन र पेरिस

**51.** मोहन कोइरालाको 'पहराको फूल' कविताको मूल विषय के हो?

(A) सृष्टिको सातत्य

(B) फुलको विवरण

(C) अदृश्य सौन्दर्य

(D) पहराको विशेषता

**52.** हास्य र व्यङ्ग्यको योजनाका निम्ति पद र पेसाका विपरीत पात्रहरूका नाउँ राखिएको प्राथमिककालीन गद्याख्यान कुन हो?

(A) लालहीरा

(B) हास्यकदम्ब

(C) वीरशिखा

(D) द्वात्रिंशत पुत्तलिका कथाहा

**53.** 'भुसको आगो' नाटकमा आफूमाथि भएको अन्याय सम्झेर भित्रभित्रै भुसको आगोझैँ सल्किएकी पात्र चिन्नुहोस्।

(A) उर्मिला

(B) सौता

(C) सरिता

(D) आमा

**54.** ''आयामेली गद्य लेख्ने परम्परा 'शारदा'–को पहिलो प्रकाशन वर्ष जत्तिकै पुरानो छ।''— आयामेली लेखनबारे यस्तो मन्तव्य प्रकाश गर्ने लेखक को हुन्?

(A) ताना सर्मा

(B) गुमानसिंह चामलिङ

(C) अभि सुवेदी

(D) राजनारायण प्रधान

**55.** उदयानन्द अर्ज्यालको 'पुरानु बातको अर्जी' कविताको मूल विषय के हो?

(A) पृथ्वीनारायण शाह र रणबहादुर शाहको स्तुति

(B) व्यक्ति परिचय र हतिहास–विवरण

(C) वंश वृत्तान्त अनि तथ्य वृत्तान्त

(D) युद्ध अनि लोकरितको वर्णन

**56.** नामधातु भनेको के हो?

(A) नाम, विशेषण र अव्यय शब्दको मूल रूप

(B) नाम, विशेषण र अव्ययका प्रातिपदिक रूप

(C) नाम, विशेषण वा अव्ययका पछाडि प्रत्यय लागेर बनेको क्रियापदको मूल रूप

(D) नाम, विशेषण र अव्यय शब्दका रूपमा प्रयोग गरिने धातु

**57.** कन्ये, क्रिस्ने, मिर्ग, विद्दे जस्ता शब्दलाई नेपाली भाषाशास्त्रीहरूले कुन वर्गमा राखेका छन्?

(A) आगन्तुक

(B) तद्भव

(C) तत्सम

(D) अर्धतत्सम

**58.** ''अज्ञातको आवरणबाट मुक्त भएको चैतन्य नै रस हो।'' — आचार्य जगन्नाथको यो भनाइ कुन किसिमको हो?

(A) दार्शनिक

(B) तार्किक

(C) असान्दर्भिक

(D) नीतिज्ञानमूलक

**59.** लोककथाको समापनमा भनिने वाक्यमा आएको 'सुन्नेलाई सुनको माला' वाक्यांशले तलको कुन कुरा बुझाउँछ?

(A) एकल सहभागिता

(B) श्रोताको महत्त्व

(C) श्रोताको सम्पन्नता

(D) श्रोताको प्रशंसा र स्तुति

**60.** तलका मध्ये कुन चाहिँ शोधको मुख्य प्रयोजन हो?

(A) यशप्राप्ति

(B) वैज्ञानिक विमर्श

(C) तत्त्वज्ञान

(D) पुनर्मूल्याङ्कन

**61.** तलका मध्ये डिल्लीराम तिमसिनाका कविता कृति चिन्नुहोस् —

(i) तर्पण

(ii) बनारसको चिट्ठी

(iii) सम्झना

(iv) बिर्सन्न बिर्सन्न है

(A) (ii), (i), (iii)

(B) (i), (iii), (iv)

(C) (iv), (ii), (i)

(D) (iii), (i), (ii)

**62.** 'आज रमिता छ' उपन्यासमा वर्णित गोलीकाण्डलाई भएकै कुन घटनाको विवरण हो भन्ने मानिएको छ?

(A) ई सं 1946-47 मा डुवर्समा भएको तेभागा आन्दोलन

(B) ई सं 1954 मा दार्जिलिङका विभिन्न चियाकमानमा भएको मजदुर आन्दोलन

(C) ई सं 1955 मा मार्गरिट्स होपमा भएको गोलीकाण्ड

(D) साठीका दशकको सुरुतिर 'हट्टाबाहर' प्रथाको विरुद्धमा दार्जिलिङका चियाकमानमा श्रमिकहरूले गरेको प्रदर्शन

**63.** तलका नाटक र तिनका प्रवृत्तिको सही क्रम मिलाउनु होस्–

| *सूची–क* | *सूची–ख* |
|---|---|
| I. कृषिबाला | (i) स्वैरकल्पनात्मक |
| II. मुकुन्द–इन्दिरा | (ii) पौराणिक |
| III. भरतमिलाप | (iii) प्रगतिवादी |
| IV. स्वास्नीमान्छे | (iv) सामाजिक |

| | I. | II. | III. | IV. |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (ii) | (i) |
| (B) | (i) | (ii) | (iv) | (iii) |
| (C) | (iv) | (iii) | (i) | (ii) |
| (D) | (ii) | (i) | (iii) | (iv) |

**64.** नेपाली निबन्धको आधुनिक कालमा प्रकाशित पत्रिका 'मुस्कान'–का निबन्धहरू कुन प्रवृत्तिका छन्?

(A) हास्य व्यङ्ग्यात्मक

(B) राजनीति प्रेरित

(C) स्वच्छन्दतावादी

(D) सांस्कृतिक चेतना

**65.** तलका मध्ये तरलवाद सम्बन्धी मान्यता कुन कुन हुन्? चिह्नित गर्नु होस्?

(i) तरलवाद मानववादमा आधारित हुन्छ

(ii) तरलताले समय सापेक्षताया विश्वास राख्छ

(iii) साहित्यले सदा गतिशीलता खोज्छ

(iv) अबको साहित्य जीवित अस्तित्वको हुनु पर्छ

(A) (ii), (iv), (i)

(B) (iii), (i), (ii)

(C) (i), (iii), (iv)

(D) (iv), (ii), (iii)

**66.** ''यी सबै पर्खाइका पछिल्तिर मेरा सयौँ सपनाहरू पर्खिरहेछन् इच्छा-आकाङ्क्षाहरू पर्खिहेछन्।'' — यस वाक्यमा कतिवटा नामपदबन्ध छन्?

(A) तीनवटा

(B) चारवटा

(C) पाँचवटा

(D) छवटा

**67.** नेपाली भाषामा चलेका तर मूल स्रोत थाहा नपाइएका शब्दलाई नेपाली वैयाकरणहरूले कुन संज्ञा दिएका छन्?

(A) मौलिक

(B) देश्य

(C) आगन्तुक

(D) अव्युत्पन्न

**68.** पहिलाबाट पछि गर्दै निम्नलिखित आचार्यहरूलाई उनीहरूको समयक्रममा मिलाउनु होस् –

(क) कुन्तक (ख) क्षेमेन्द्र

(ग) वामन (घ) आनन्दवर्धन

(A) (ग), (ख), (घ), (क)

(B) (ग), (घ), (क), (ख)

(C) (ख), (ग), (क), (घ)

(D) (ग), (क), (घ), (ख)

**69.** लोककथा र आधुनिक कथाका माझमा हुने भिन्नतालाई तलका कुन कुराले अधिक स्पष्ट पार्छ?

(A) कथानक विकासको गति र अतिमानवीय चरित्र

(B) दृष्टिविन्दु र संवादको प्रयोग

(C) घटना समय र पाठ समय

(D) संयोगान्त र वियोगान्त कार्यावस्था

**70.** शोधमा कुन कुन किसिमका दृष्टि अवलम्बन गर्नु आवश्यक हुन्छ?

(क) तार्किक (ख) वस्तुनिष्ठ

(ग) तत्त्वपरक (घ) व्यक्तिनिष्ठ

(A) (क), (ख), (ग)

(B) (ख), (ग), (घ)

(C) (क), (ग), (घ)

(D) (क), (ख), (घ)

**71.** शीभाकान्ति थेगिमको 'मेरो देउराली'– का कविताहरूमा अभिव्यञ्जित मूल स्वर कुन हो?

(A) उदार नारीवादी स्वर

(B) विद्रोही नारी स्वर

(C) उग्र नारीवादी स्वर

(D) मार्क्सवादी नारीवादी स्वर

**72.** 'अनुराधा' उपन्यासको 'हरि'–लाई कुन कुराको प्रतीक मान्न सकिन्छ?

(A) कोमलमानको अवचेतन

(B) कोमलमानको चेतन स्व

(C) कोमलमानमा निहित स्वपीडक ग्रन्थि

(D) कोमलमानमा निहित परानुभूति

**73.** कथ्य एवम् प्रस्तुतीकरणका दृष्टिले नवप्रयोग गरिएका बालकृष्ण समका नाटकहरू चिन्नुहोस्–

(i) स्वास्नीमान्छे

(ii) उ मरेकी छैन

(iii) भीमसेनको अन्त्य

(iv) अत्याधुनिकता

(A) (ii), (iii), (i)

(B) (iii), (iv), (ii)

(C) (i), (ii), (iv)

(D) (iv), (ii), (iii)

**74.** ''निबन्धको उपजीव्य विषय होइन किनभने निबन्धका निम्ति जुनसुकै विषय पनि उपयुक्त हुने हुनाले विषय गौण हो, प्रधान हो निबन्धकारको व्यक्तित्वको मनोहारिता अर्थात् निबन्धकारको व्यक्तित्व जति मनोहारी हुन्छ तेति नै तेसको निबन्ध पनि।'' —निबन्धबारे यस्तो मत व्यक्त गर्ने लेखक को हुन्?

(A) रबर्ट लिन्ड

(B) जे डब्ल्यु म्यारियट

(C) डब्ल्यु ई विलियम्स

(D) ए सी बेन्सन

**75.** माध्यमिककालीन कवि कृष्णप्रसाद रेग्मीको 'पट्ठापट्ठीको प्रीति प्रबन्ध'–मा कुन रस पाइन्छ?

(A) विप्रलम्भ शृङ्गार

(B) सम्भोग शृङ्गार

(C) हास्य

(D) विप्रलम्भ र सम्भोग शृङ्गार

**76.** ''व्याकरणले भाषिक सामर्थ्यको व्याख्या गर्नु पर्दछ, भाषिक सम्पादनको होइन।''— यस्तो मान्यता राख्ने भाषावैज्ञानिक सिद्धान्त कुन हो?

(A) संरचनात्मक व्याकरण

(B) रूपान्तरण व्याकरण

(C) रूपार्थपरक व्याकरण

(D) प्रकार्यात्मक व्याकरण

**77.** नेपाली भाषा र यसको व्याकरणबारे चर्चा गर्ने प्रथम नेपाली लेखक कसलाई मानिएको छ?

(A) जय पृथ्वीबहादुर सिंह

(B) राममणि आचार्य दीक्षित

(C) विज्ञानविलास

(D) वीरेन्द्र केशरी अर्याल

**78.** एउटा अङ्क, मुख र निर्वहण दुईवटा सन्धि, कल्पित कथा र नाना अवस्थाका धूर्त चरित्र यस किसिमको रूपकमा हुन्छन्, वीर र शृङ्गार रस भएको यस रूपकमा शौर्य र सौभाग्यको वर्णन हुन्छ – रूपकको यस्तो प्रकार कुन हो?

(A) ईहामृग

(B) भाण

(C) समवकार

(D) डिम

**79.** तलका मध्ये कुन कुन गीत यस्ता हुन् जसलाई नृत्यगीत मान्न सकिन्छ र जुन नृत्य बिना गाइए पनि अधुरा लाग्दछन्?

(क) खाँडो (ख) बालन

(ग) रतेली (घ) देउडा

(A) (क), (ख), (ग)

(B) (क), (ख), (घ)

(C) (ख), (ग), (घ)

(D) (क), (ग), (घ)

**80.** शोधकार्य गर्दा निश्चित क्रममा प्रश्नहरू राखेर क्रमैले एउटा पछि अर्को सोधी लिइने अन्तर्वार्तालाई कुन नामले चिनिन्छ?

(A) निर्देशित अन्तर्वार्ता

(B) सामूहिक अन्तर्वार्ता

(C) प्राथमिक अन्तर्वार्ता

(D) तात्क्षणिक अन्तर्वार्ता

**81.** ''चुपचाप सबैकी आमा हो
जसको काखमा निर्धक्क निदाउँछन् सबै
शब्द अनि अर्थहरू।''
— यस कविताको लक्ष्यार्थ के हो?

(A) मिथकीय 'महाशून्य'

(B) शब्द र अर्थको पराश्रयी प्रकृति

(C) पृथिबीको नीरव क्रियाशीलता

(D) शब्द र अर्थ माझको परस्पर व्यतिरेकी सम्बन्ध

**82.** प्रथम पुरुष दृष्टिकोणको केन्द्रीयतामा निर्मित पहिलो आधुनिक नेपाली उपन्यास कुन हो?

(A) शिरीषको फूल

(B) अनुराधा

(C) स्वास्त्रीमान्छे

(D) पल्लो घरको भयाल

**83.** प्रताप सुब्बा निर्देशित चलचित्र 'परालको आगो'–मा गौँथलीको भूमिका निर्वाह गर्ने नायिका को हुन्?

(A) रजनी शर्मा

(B) मेनका प्रधान

(C) वसुन्धरा भूषाल

(D) लक्ष्मी प्रधान

**84.** प्रकाशन कालका आधारमा रामकृष्ण शर्माका निबन्ध सङ्ग्रहको क्रम मिलाउनु होस् –

(i) एक बिसाउनी

(ii) तथास्तु

(iii) दश गोर्खा

(iv) अष्टावक्र

(A) (ii), (iv), (iii), (i)

(B) (iii), (iv), (i), (ii)

(C) (iv), (ii), (iii), (i)

(D) (i), (iii), (ii), (iv)

**85.** 'सूक्तिसिन्धु' जस्तो शृङ्गारी कविता सङ्ग्रहबाट तत्कालीन राणा सरकारलाई कुनै खतरा नभए तापनि यसमाथि किन रोक लगाइयो?

(A) स्त्रीहरूबारे अभद्र, अश्लील वर्णन भएकाले नारी समूहबाट विरोध हुन सक्ने आशङ्काका कारण

(B) भारतमा खटिएका महेन्द्र दललाई शृङ्गारी रचनाले बिगार्न थालेको एवम् दरबार र जनता भाँड्न झुटो चुक्लीका कारण

(C) बनारसमा भएका मोतीराम अनि कवि मण्डली साथै केही सङ्घ संस्था आदिले यसमाथि प्रतिबन्ध लगाउने माग गरेकाले

(D) लेखनाथ र अन्य अन्य नीतिवादी कवि लेखकहरूले यसमाधि रोक लगाइनुपर्छ भनी दरबारमा चाढाइएको अनुनयका कारण

**86.** ''कविता र नाटक जुम्ल्याहा छोरी नृत्यका । दिदी कविता। बहिनी नाटक। गरगहना लुगाफाटा साटी साटी लाउँछन् दिदीबहिनी।''
— साहित्यका विधाहरूबारे यस्तो मन्तव्य कसले प्रकट गरेका हुन्?

(A) इन्द्रबहादुर राई

(B) राजनारायण प्रधान

(C) मनप्रसाद सुब्बा

(D) राजेन्द्र भण्डारी

**87.** अभि सुवेदीको समालोचना कृति 'सिर्जना र मूल्याङ्कन'–मा प्रयोग गरिएको समालोचना विधि कुन हो?

(A) भाषावैज्ञानिक

(B) अनुसन्धानपरक

(C) वस्तुपरक

(D) तुलनात्मक

**88.** तल राखिएका कथनहरू पढेर विकल्पहरूबाट उपयुक्त उत्तर छान्नु होस् —

*कथन* १ – आचार्य दण्डीले तयार पारेको ग्रन्थ 'काव्यादर्श' हो।

*कथन* २ – यिनको अर्को ग्रन्थ 'दशकुमारचरित चाहिँ गद्यकाव्य हो।

(A) कथन १ र २ दुवै सही छन्

(B) कथन १ र २ दुवै गलत छन्

(C) कथन १ सही छ, कथन २ गलत छ

(D) कथन १ गलत छ, कथन २ सही छ

**89.** नेपाली लोकविश्वास अनुसार के भएमा 'अर्का कसैले उसका बारेमा कुरा काटेको वा बद्ख्वाइँ गरेको' शङ्का गरिन्छ?

(A) घर अगाडि कुनै बोटमा काग आई कराएमा

(B) बारम्बार बाडुली लागेमा

(C) कसैको घाँटी बोल्न नहुने गरी खस्खसाएमा

(D) लोग्ने मान्छेको दाहिने र स्वास्नी मान्छेको देब्रे आँखा फर्फराएमा

**90.** शोध सम्बन्धी सङ्ग्रहित तथ्यका आधारमा शोधको निष्कर्ष प्रतिपादन गर्ने पद्धति कुन किसिमको हो?

(A) निगमनात्मक

(B) आगमनात्मक

(C) अनुभवात्मक

(D) सर्वेक्षणात्मक

**91.** मोहन कोइरालाका कवितामा नैराश्य र विवशता बाहेक अन्य कुन स्वर अभिव्यञ्चित छ?

(A) वर्ग चेतना

(B) विद्रोह र व्यङ्ग्य

(C) राष्ट्रवाद

(D) क्रान्ति

**92.** पहिलाबाट सुरु गरी प्रकाशन कालका आधारमा तलका उपन्यासहरूको क्रम मिलाउनु होस् —

(क) बसाइँ (ख) भ्रमर

(ग) लगन (घ) डाकबङ्गला

(A) (ख), (क), (ग), (घ)

(B) (ख), (क), (घ), (ग)

(C) (ख), (ग), (घ), (क)

(D) (क), (ख), (घ), (ग)

**93.** गोपालप्रसाद रिमालका नाटक 'मसान' र 'यो प्रेम' कै परम्परालाई विजय मल्लको कुन नाटकले आत्मसात गरेको छ?

(A) कोही किन वर्बाद होस्?

(B) जिउँदो लास

(C) च्यातिएको पर्दा

(D) भुसको आगो

**94.** तलका मध्ये कुन कथन सही हो?

(A) अङ्ग्रेजी साहित्यमा निबन्धका जनक फ्रान्सिस बेकन हुन्।

(B) बेकनले 'फुर्सदका क्षणमा गरिने गफ' निबन्ध हो भनेका छन्।

(C) बेकनले 'ए बुक अव् इङ्लिस एसेज' सम्पादन गरेका हुन्।

(D) बेकनले निबन्धका सातवटा विशेषताबारे चर्चा गरेका छन्।

**95.** ''उत्तर द्यौपुर ग्राम निवासी
वसन्त कवी हुँ ब्राह्मण जैसी।''

— वसन्त शर्माले आफूबारे उक्त विवरण कुन कृतिमा दिएका छन्?

(A) कृष्णचरित्र

(B) समुद्रलहरी

(C) फुटकर श्लोक सङ्ग्रह

(D) सरस प्रेमावली

**96.** रामकृष्ण शर्माको 'टाक्सिएको नेपाली कवितामा' समालोचनाको कुन पक्ष बलियो छ?

(A) निर्णयात्मक

(B) व्याख्यात्मक

(C) तुलनात्मक

(D) अन्वेषणात्मक

**97.** तलका मध्ये कुन काव्यमा मानव प्रवृत्तिहरूको ऐतिहासिक व्याख्या गरिएको छ?

(A) चिसो चूल्हो
(B) तरुण तपसी
(C) लूनी
(D) आगो र पानी

**98.** ''आठ रस आठ देव समान हुन् अनि शान्त रस तिनका सर्वोच्च केन्द्र शिव सरह हो।'' — यो भनाइ कुन आचार्यको हो?

(A) भरतमुनि
(B) जगन्नाथ
(C) विश्वनाथ
(D) अभिनवगुप्त

**99.** तलको कुन समूहमा लोक साहित्यका विशेषता उल्लिखित छन्?

(A) स्थिर, मौखिक, स्मृतिमा आधारित
(B) पाठभेद, सामूहिकता, स्मृतिमा आधारित
(C) परम्परित, श्रुतिमूलक, अलौकिक
(D) मौखिक, वैयक्तिक, पाठभेद

**100.** शोधकार्यमा 'प्राक्कल्पना' भनेको के हो?

(A) शोधका समस्याको समाधानका निम्ति शोधकर्ताले गरेको पूर्वानुमान
(B) शोधकार्य सम्बन्धी विविध कार्यहरूको विवरण र योजना
(C) परियोजनामा तथ्य सङ्ग्रहका निम्ति गरिने कार्यादिबारे पूर्व तयारी
(D) शोधका समस्या अनि समाधानका क्रममा राखिने समन्वय

**Space for Rough Work**

**Space for Rough Work**